Total No. of Printed Pages—7

**X/17/N**

**2 0 1 7**

**NEPALI**

( INDIAN LANGUAGE )

**( CANDIDATES WITH INTERNAL ASSESSMENT )**

*Full Marks* : 80
*Pass Marks* : 24

**( CANDIDATES WITHOUT INTERNAL ASSESSMENT )**

*Full Marks* : 100
*Pass Marks* : 30

*Time* : 3 hours

( For Both Categories of Candidates )

*The figures in the margin indicate full marks for the questions*

*General Instructions* :

(i) The candidates are advised to attempt all questions accordingly.

(ii) Marks allocated to every question are indicated against each.

(iii) Question Nos. **1** to **13** are to be answered by both Regular and Private Candidates.

(iv) Question Nos. **14** and **15** are to be answered only by Private Candidates without Internal.

**1.** थोरै शब्दहरूमा उत्तर लेख : 1×5=5

(क) राजबाडी गाउँमा आधारित उपन्यासको नाउँ के हो?

(ख) हरि कसको छोरो हो?

(ग) लैनसिंह बाङ्देल को हुन्?

(घ) रत्नाकी छोरीको नाउँ के हो?

(ङ) सेतो रङ्गको परेवा फट्फटाउनुको कारण के हो?

**2.** सुबेदारनीले सानीलाई धेरै माया गर्नुको कारण के हो? बुझाएर लेख। 5

**अथवा**

'माइत घर' उपन्यासको कथासार लेख।

**3.** कुनै **दुइवटा** प्रश्नहरूका उत्तर लेख : 7×2=14

(क) शिक्षाको मुख्य उद्देश्य के हो? वर्णन गर।

(ख) डा० खुरानाले के अनुसन्धान कार्य गरेकोमा नोबेल पुरस्कार पाए? उनले पाएका पुरस्कारहरूको विवरण देऊ।

(ग) नेपाली भाषा सिक्नलाई के-के कुराको अध्ययन गर्नुपर्छ? बुझाएर लेख।

(घ) 'अल्झेको इच्छा' कथामा बढ्दै गरेको छोरालाई बाबु र आमाले भविष्यमा के-के पढाउने इच्छा गरेका छन्? लेख।

**4.** सप्रसंग व्याख्या गर (कुनै **एक**) : 5

(क) ''मानिस बलेकै आगो न ताप्नछन्। जसलाई परमेश्वरले ठगेको छ त्यसलाई मानिस पनि हेला गर्छन्। ओहो संसार कति मतलबी छ।''

(ख) पहिलेको रने र अहिलेको रनेमा जमीन आसमानको फरक थियो।

(ग) भारतेली नेपाली साहित्य जगतमा उहाँलाई भानुभक्तकै दोस्रो अवतारको दर्जामा लिन सकिन्छ।

**5.** छोटकरीमा उत्तर लेख (कुनै **तीन**) : 2×3=6

(क) पद्मनिधि लामिछाने को हुन्? परिचय देऊ।

(ख) सुभद्राले नौलीसित घरको विषयमा के-के कुरा सोधिन्?

(ग) डा० पारसमणि प्रधानले लेखेका पुस्तकहरूको प्रचार-प्रसार कहाँ-कहाँ भएको छ?

(घ) हरगोविन्द खुरानाले कुन-कुन विषयमा नोबेल पुरस्कार पाएका छन्?

(ङ) कुखुरोको चल्लोले कसरी आफ्नो माउबाट चारो खानसिक्छ?

**6.** अति संक्षेपमा उत्तर लेख (कुनै **पाँचवटा**) : 1×5=5

(क) फर्काउने गरी राख्न दिएको सामानलाई के भनिन्छ?

(ख) 'परिबन्द' पाठको मुख्य पात्र को हो?

(ग) शिक्षा के हो?

(घ) अल्झेको इच्छा भन्दा के बुझिन्छ?

(ङ) 'अनुकूल' र 'प्रतिकूल' शब्दका अर्थ खोल।

(च) 'चिठी' पाठ निबन्ध हो वा होइन, लेख।

(छ) हाम्रो देशको विभाजन कहिले भएको हो?

**7.** कुनै **एउटा** कविताको सारांश लेख : 7

(क) बालकृष्ण सम रचित 'भानुभक्तप्रति'

(ख) हरिभक्त कटुवाल रचित 'जीवन : एक दृष्टि'

(ग) लक्ष्मीप्रसाद देवकोटा रचित 'गरीब'

**8.** संक्षेपमा उत्तर लेख (कुनै **तीन**) : 2×3=6

(क) 'स्वीटफल्स' कुन ऋतुमा सुके र स्यानो हुन्छ? यो फल्सको पाखा-पखेरूका रूखहरूमा विशेष गरी कुन फूल फुल्छ?

(ख) कसले किन मालिकपनको धाक देखाउँदै घर मेरै हो भन्छ?

(ग) 'मानव व्यथा' भन्दा के बुझिन्छ? यी शब्दको प्रयोग कुन कवितामा भएको छ?

(घ) ''कल्पतरुको खोज छोडी, यथार्थमा आऊ तिमी''—यो भनाइको अर्थ स्पष्ट पार।

(ङ) कवि किन र कसको गुँड भत्काउन तयार भएका छन्?

**9.** थोरै शब्दमा उत्तर लेख (कुनै **पाँच**) : 1×5=5

(क) 'स्वीटफल्स'-मा सूर्यको किरण पर्दा त्यहाँ केको उत्पत्ति हुन्छ?

(ख) कुन कवितामा कविले अपराध लुरुक्क भाग्छ भनेका छन्?

(ग) रुपियाँलाई किन उपियाँसँग दाँजिएको छ?

(घ) किशोरका सुन्दर पङ्क्ति-पङ्क्तिमा के लम्कि रहेको छ?

(ङ) सत्य जाग्दा के तर्केर किनार लाग्छ?

(च) मानवनन्दनतिर फर्केर हेर्दा हामीले के देख्दछौं?

(छ) आध्यात्मिक उन्नति भनेको कस्तो उन्नति हो?

**10.** कुनै **एउटा** उक्तिको अर्थ खोल्दै व्याख्या गर : 3

(क) मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन

(ख) सङ्गत गुनाको फल

(ग) खाने मुखलाई जुँघाले छेक्तैन

**11.** (क) सन्धिविच्छेद गर : ½+½=1

सज्जन ; परमात्मा।

(ख) लिङ्ग परिवर्तन गर : ½+½=1

बालक ; बाघ।

(ग) उल्टो शब्द लेख : ½+½=1

धमिलो ; कृतज्ञता।

(घ) धातु र प्रत्यय छुट्याएर देखाऊ : ½+½=1

भन्नु ; देख्नु।

(ङ) विशेषण बनाऊ : ½+½=1

विलास ; परिश्रम।

(च) 'पृथ्वी' शब्दको कुनै दुइवटा पर्यायवाची शब्दहरू लेख। ½+½=1

**12.** निम्नलिखित अनुच्छेद पढेर सोधिएका प्रश्नहरूको उत्तर लेख :

विद्यार्थीहरू भावी समाजका कर्णधार हुन्। उनीहरूको योग्यतामा नै समाज र राष्ट्रको उन्नति अडेको छ। यसर्थ प्रत्येक विद्यार्थीले आफूलाई योग्य, इमानदार र सबल नागरिक बनाउने प्रयत्न गर्नुपर्छ। विद्यार्थी जीवन अमूल्य जीवन हो र सुनौलो जीवन पनि यही जीवनको घडेरीमा उसको चरित्रको भवन निर्मित हुन्छ। आज हाम्रो देशमा चरित्रवान व्यक्तिहरूको साह्रै खाँचो छ, अनुशासनको आवश्यकता छ। अहिले हामी संकटको समयमा छौं जहाँ विद्यार्थीहरूमा उच्छृङ्खलता आएको छ। अनुशासनहीनता र उद्दण्डता आएको छ। यो स्थिति अवश्य पनि सन्तोषजनक होइन, अवाँछनीय र निन्दनीय हो। आज प्रत्येक विद्यार्थीले आफ्नो कर्तव्य पालन र अनुशासनको पाठ सिकेर मात्र देशको इज्जत बचाउन सक्छ, देशलाई उन्नतिको चुचुरामा पुर्‍याउन सक्छ।

(क) भावी समाजका कर्णधार को हुन्? 1

(ख) समाज र राष्ट्रको उन्नति कसको केमा अडिएको छ? 1

(ग) विद्यार्थीले आफूलाई कस्तो नागरिक बनाउने प्रयत्न गर्नुपर्छ? 1

(घ) आज हाम्रो देशमा कस्ता व्यक्तिहरूको खाँचो छ? 1

(ङ) देशको इज्जत बचाउन विद्यार्थीले के-कस्तो पाठ सिक्नुपर्दछ? 1

**13.** निबन्ध लेख (कुनै **एक**) : 8

(क) मुबाइल फोनको प्रयोग र उपयोगिता

(ख) परिश्रम

(ग) देशप्रेम

(घ) मेरो जीवनको लक्ष्य

(ङ) समयको महत्त्व

**[ For Candidates without Internal Assessment ]**

**14.** अति संक्षेपमा उत्तर लेख : 1×10=10

(क) गुरुप्रसाद मैनालीद्वारा लिखित पाठको नाउँ लेख।

(ख) वसन्तराज जोशीद्वारा लिखित पाठको नाउँ लेख।

(ग) 'अधिकार र कर्तव्य' कविताका रचयिता को हुन्?

(घ) 'स्वीटफल्स' कविता कहाँको पृष्ठभूमिमा लेखिएको छ?

(ङ) पुष्कर शमशेरले लेखेको पाठको नाउँ के हो?

(च) रत्नाको लोग्ने कुनदिनमा मरेको थियो?

(छ) हरिले धेरै पढ्न नपाउनुको कारण के हो?

(ज) सानी कुन खोलाको पुलबाट आत्महत्या गर्न खोज्दछे?

(झ) मान्छे जातिलाई गौंथलीको 'चिरिविरि' कविता अनुसार के भनिएको छ?

(ञ) उमर बहादुर राईद्वारा लिखित पाठको नाउँ लेख।

**15.** कोष्ठबाट सही शब्द छानी वाक्य पूरा गर : 1×10=10

(क) रुपियाँलाई भयङ्कर (खुकुरी/तरवार) सँग तुलना गरिएको छ।

(ख) पाँच भाइ-बहिनीहरूमा (हरगोविन्द/नन्दलाल) सबैभन्दा कान्छो थिए।

(ग) सभ्य जातिको चिह्न (साहित्य/भूगोल) हो।

(घ) 'शिक्षाको उद्देश्य' पाठका लेखक (चेतनारायण जोशी/गोपीनारायण प्रधान) हुन्।

(ङ) 'भानु' शब्दको अर्को अर्थ (चन्द्रमा/सूर्य) पनि हो।

(च) भानुभक्तले गाएको गीत (रामायण/महाभारत)-मा पाइन्छ।

(छ) नौलीले देवीरमणलाई (लक्ष्मीको/सुभद्राको) खबर भनी।

(ज) सुनाखरी एकप्रकारको (फूल/चरा) हो।

(झ) 'स्वीटफल्स' पानीको एउटा (दह/झरना) हो।

(ञ) आमाले आफ्नो छोरालाई (डाक्टर/इञ्जिनीयर) बनाउन खोज्दिनन्।

★★★